IslamHouse.com

# इस्लामको परिचय

[ नेपाली - Nepali - نيبالي ]


लेखक

मुहम्मद इदरीस सलफी

संशोधक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

IslamHouse.com

# ما هو الإسلام

محمد إدريس سلفي

مراجعة

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

ﷻﷺ

**सर्वाधिकार लेखकमा सुरक्षित छ ।**

To connect Author: 0501372254
للتواصل مع المؤلف: 0501372254
लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

ﷻﷺ

## पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# मन्तब्य

मुहतरम मुहम्मद इदरीस सलफीद्वारा लिखित "इस्लामको परिचय" नामक पुस्तिका मैले गहकिलो रूपले हेरें कारण यसमा इस्लामिक नियम सम्बन्धी सामान्य लेखनको साथै उहाँले सारगर्भित रूपमा गुर्नभएको व्याख्याले कुनै पनि मुसलमान दाजु भाइ, दिदी बहिनी तथा अन्य वर्ग जाति जो यस धर्म प्रति केही जानकारी राख्न चाहन्नु हुन्छ, निकै लाभप्रद हुने विश्वास प्रकट गर्दछु। हाम्रो राष्ट्रिय भाषा नेपालीमा लिखित यो पुस्तिका र लेखकद्वारा लिखित अन्य दुई पुस्तिका "इस्लामको उपदेश" र "नमाजे मसनून" बाट हाम्रो भाषाको विकास एवं उत्थानमा समेत विशेष योगदान पुऱ्याउँछ भन्ने कुराको आशा लिएको छु।

यो पुस्तिका मुसलमान जातिको लागि नैतिक, बौद्धिक, धार्मिक एवं सामाजिक स्तरले आ-आफ्नो जीवन ब्यतीत गर्ने सम्बन्धमा निर्देशक वा पथ प्रदर्शक हुने कुरामा कुनै अत्युक्ति देखिदैन ।

लेखकद्वारा गरिएको यस्ता प्रयासहरूबाट उहाँ बास्तवमा धन्यवादको पात्र हुनु हुन्छ। उर्दू र अर्बी भाषा बाहेक नेपाली भाषामा यस्ता पुस्तिकाहरूको खडेरी परेको ठाउँमा उहाँको देन साह्रै नै सराहनीय छ।

मेंहदी हसन
अधिवक्ता
कपिलवस्तु तौलिहवा
(नेपाल)

# मन्तब्य

**बिस्मिल्ला हिर्रहमानिर्रहीम ।**

**नह्मदोहू व नोसल्ली अला रसूलेहिल करीम ।**

अम्मबाद :

इस्लाम एउटा सत्य र अल्लाहले रुचाएको धर्म हो । अम्नो शान्तिको जामिन (प्रतिभू) र मानवको मुक्ति दाता हो । यस कारण इस्लामको परिचय गराउनु र इस्लामी शिक्षा-दिक्षालाई संसारका मानिसहरू समक्ष पुऱ्याउनु हरेक मुस्लिमको पहिलो कर्तव्य हो ।

उक्त कर्तव्यलाई मद्दे नजर राखी "जनाब मुहम्मद इदरीस साहब सलफी" ले वि.सं.२०३८ सालदेखि नेपाली भाषामा इस्लाम धर्म सम्बन्धि किताबहरू लेखी निःशुल्क वितरण गरिराख्नु भएको छ । अहिलेसम्मा उहाँको कैयौं किताबहरू नेपाली भाषामा प्रकाशित भएर देश विदेशमा ख्याति

पाइसकेका छन् । तीमध्ये “इस्लामको परिचय” पनि एक हो । उहाँ नेपाली भाषाको चिराभ्यस्त र दक्ष लेखक एवं अनुवादक हुनु हुन्छ । नेपाली भाषामा इस्लामिक कुराको जानकारीको कमीको स्थान समेतलाई ती किताबहरूले पूरा गरेका छन् । यस प्रकार उहाँको साहित्यिक सेवा देश र समाजका लागि साह्रै नै सराहनीय छ । यसका लागि उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

उहाँको उद्देश्य छ कि इस्लामसित अपरिचित तथा अज्ञान हाम्रा नेपाली मुस्लिम दाजु भाइ तथा दिदि बहिनीहरूलाई इस्लामको विशेष खूबी एवं आस्थाको बारेमा जानकारी हुन सकोस् र तिनीहरू इस्लामको मूल आस्थासित अवगत भई त्यसै अनुरुप आफनो जीवन निर्वाह गर्न सकुन् ।

अल्लाहको कृपाले यो किताब इस्लामसित अपरिचित व्यक्तिहरूको लागि मार्ग दर्शकको रूपमा सिद्ध भएको छ । यस किताबको पहिलो प्रकाशन सिद्धिसकेको छ र यसको माँग दिन प्रतिदिन बढिरहेको हुनाले “जामिया मतलउल उलूम अल-सलफिया” डुमरा जो कि धेरै पुरानो इस्लामिक

संस्था हो । यसको प्रकाशनको जिम्मावरी लिएको छ । जसलेगर्दा उक्त माँगलाई पूरा गर्नुमा सहयोग हुन सकोस् ।

अल्लाहसित दोआ छ कि यस किताबको लेखक ज्यूलाई महा पुण्य र प्रकाशन गराउने संस्थालाई सम्मान र प्रगति प्रदान होस् र यो किताब समाजमा अझ राम्रो स्थान पाओस् ।

(आमीन)

**प्रार्थीः**

मौलाना अब्दुर्रहीम साहब मदनी
एम.ए. मक्का मुकर्रमा
महा सचिव - जामिया मतलउल उलूम अल् सलफीया
डुमरा कपिलवस्तु
एवं
उपाध्यक्ष
जामीयत अहले हदीस नेपाल
केन्द्रीय कार्यालय काठमाण्डौ नेपाल

# प्रस्तावना

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

नहमदोहू व नोसल्ली अला रसूलेहिल करीम ।

अम्मबाद :

म सर्व शक्तिमान अल्लाहको कृतज्ञ छु । जसले मलाई ज्ञान विवेक प्रदान गऱ्यो । यस पछि उसको अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अनेकौं दरुद र सलाम अवतरित होस् ।

म निकै हर्षित छु कि पहिलो प्रकाशन चाहिँ पाठक वर्गहरूको हृदयमा आशा र विश्वास भन्दा कैयौं गुना बढी स्थान पायौ । देश र विदेशसम्म ख्याति प्राप्त गऱ्यो । जसको फलस्वरूप खाडीका मुलुकहरूबाट समेत प्रकाशित भई पाठक वर्गहरूको खाचो टार्नमा सहयोग गरिरहेको छ । आर्थिक अभावको कारण म अर्को प्रकाशन गर्नुमा असमर्थ थिएँ । तर अल्लाहको कृपाले हाम्रा आदरणीय मौलाना अब्दुर्रहीम साहब “मदनी” महा सचिव जामिया मतलउल उलूम अल-सलफिया डुमरा कपिलवस्तु को तर्फबाट सम्पूर्ण

प्रकाशन खर्चमा यो दोस्रो प्रकाशन केहि संशोधन सहित प्रकाशित भई तपाईको हातमा छ । यति ठूलो आर्थिक योगदान दिएकोमा म उहाँलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु, साथै भविष्यमा यस्तै सहयोगको आशा राख्दछु । अल्लाह उहाँमाथि आफ्नो विशेष कृपा गरोस् ( आमीन) र यसको लोकप्रियता दिन प्रतिदिन बढीरहेको हुनाले यो तेस्रो प्रकाशन हाम्रा अर्का आदरणीय शैख अबुफहद ज्यू रियाध सऊदी अरबको सहयोगमा प्रकाशित हुने सुनौलो मौका प्राप्त गरेको छ । अल्लाह उहाँलाई लोक र परलोकमा असीमित सफलता प्रादान गरोस् (अमीन)

हाम्रो सुन्दर शान्त विशाल देश नेपालको कुना काप्चामा छरिएर बसेका हाम्रा मुसलमान दाजु भाइहरूलाई धार्मिक स्वतन्त्रता भए त पनि इस्लामी शिक्षाको अभावलेगर्दा इस्लामिक तौर तरीकाले जीवन ब्यतीत गर्न असम्भव छ । तसर्थ इस्लामको बारेमा मुसलमान जातिलाई मात्र उचित जानकारी गराउने पवित्र उद्देश्य लिई यो पुस्तिका लेख्ने प्रयास गरेको भए त पनि अरु वर्ग जातिले चाहेमा यसबाट लाभ उठाउन सक्नु हुन्छ । हुन त मैले यसभन्दा पहिले पनि “इस्लामको उपदेश” र “नमाजे मसनून” नामक दुईटा पुस्तिकाहरू राष्ट्रीय भाषा नेपालीमा नै प्रकाशित

गराइसकेको छु र पछि धेरै पुस्तिकाहरू लेखि प्रकाशन गर्नमा सफल भएको छु । जसको बारेमा मुसलमान दाजु भाइहरूले जनाउनु भएको प्रतिक्रिया अत्यन्त सन्तोषप्रद छ ।

उपरोक्त पुस्तिकाहरूबाट लाभान्वित मुसलमान दाजु भाइहरूको प्रेरणा पाएर र उहाँहरूको चासो अनुसार नै मैले इस्लामी शिक्षाको आवश्यकता, महत्व तथा इस्लाम धर्मको मूल मन्त्र र त्यसको अर्थ के हो ? भन्ने कुराको सार तथ्यमा आधारित “इस्लामको परिचय” शीर्षकमा यो पुस्तिका हाम्रा दाजु भाइहरू समक्ष ल्याएको छु ।

मलाई आशा छ कि यस पुस्तिकाबाट अर्बी, उर्दू न पढेका मुसलमान वर्गका लागि लाभप्रद हुनेछ, साथै हाम्रो राष्ट्रीय भाषा नेपालीको विकास हुनमा निकै सघाउ हुनेछ भन्ने विश्वास लिएको छु ।

यस शुभ कार्यमा सुसल्लाह दिएर सहयोग पुऱ्याउने साथीहरू तथा यस पुस्तिकामा भएका भाषिक त्रुटिको सुधार गर्नमा आफ्नो अमूल्य समय दिई सहयोग पुऱ्याउनु भएका दाजु अधिवक्ता “मुहतरम मेहदी हसन ज्यू” प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा कृपालु अल्लाहसित प्रार्थना के छ भने मेरो यस सानो कार्य एवं प्रयासलाई सफल पारुन् र यसको माध्यमबाट हामी सबैलाई इस्लामको नियम बमोजिम कर्म गरि जीवन ब्यतीत गर्न सदज्ञान प्राप्त गरुन र परलोकमा जन्नत प्राप्त होस् । (आमीन)

लेखक

मुहम्मद इदरीस सलफी
कपिलवस्तु न.पा. वा.नं. ९ महुवा
कपिलवस्तु (नेपाल)

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

# इस्लाममा शिक्षाको स्थान

बिस्मिल्ला हिर्रहमानिर्रहीम

नह्मदोहू व नोसल्ली अला रसूलेहिल करीम । अम्माबादः-

हरेक मुसलमानहरू दृढता पूर्वक यो समभन्छन् कि संसारमा अल्लाहको सबै भन्दा ठूलो नेअ्मत ( अनुकम्पा) इस्लाम हो । यस कुरालाई स्वयं अल्लाहले पनि आफ्नो सबैभन्दा ठूलो नेअ्मत ठहराएको छ । कुर्आनमा अल्लाहले भनेको छ ......

"अलयौमा अकमल्तो लकुम दीनकुम व अत्ममतो अलैकुम नेअ्मती व रजीतो लकुमुल इस्लामा दीना" (सूरःमायदा आयत नं.३)

अर्थः-"आज मैले तिम्रो धर्म तिम्रो लागि पूरा गरिदिएँ र तिमीमाथि आफ्नो नेअ्मतको पूर्ण पूँजी अवतरित

गरिदिएँ, र तिम्रो लागि यसकुरालाई रुचाएँ, कि तिम्रो धर्म इस्लाम होस्" ।

हेर्नु होस् ! उसै अल्लाह तआलाले त आकाश पातालमा भएको हरेक वस्तुहरूलाई मानव कल्याणका लागि पैदा गरको छ । जस्तै वायु, पानी, आगो, चन्द्र, सूर्य तथा अनेकौं प्रकारको फल र अन्न आदि । यी अल्लाहका यस्ता फल (नेअ्मत) हुन, जसमाथि मानिसको जीवन निर्भर छ । मेरो आफ्नो विचार अनुसार हाम्रो लागि वायु अति आवश्यक चीज हो, किन भने यदि हावा पाँच मिनेटको लागि भई दिएन भने मान्छे जीवित रहन सक्दैन् । यस्तो महत्वपूर्ण र आवश्यक वस्तुहरूलाई अल्लाहले कुर्आनमा आफ्नो नेअ्मतको पूँजी भनेको छैन । कारण के छ भने यी वस्तुहरू संसारिक हुन् । यिनीहरूबाट संसारमा मात्र लाभ उठाउन सकिन्छ तर इस्लाम तथा कुर्आन दुवै लोकमा लाभ दिलाउन सक्छन् । इस्लाम र कुर्आनको अनुकरण गर्नाले संसारमा पनि सफलता प्राप्त हुन्छ र अन्तमा बैकुण्ठ (स्वर्ग) सम्म पुऱ्याउँछ । यसै कारण अल्लाहले इस्लाम र कुर्आनलाई आफ्नो धनको पूँजी

ठहराएको छ । यसो हुनाले प्रत्येक मुसलमान अल्लाहको कृतज्ञ छ कि अल्लाहले उसलाई हजरत मुहम्मदको उम्मत (अनुयायी) मा जन्म दिएको छ। हजरत मुहम्मदको माध्यमबाट मुसलमानहरूलाई कुर्आन प्राप्त भएको छ ।

अल्लाह तअलाले मुसलमानमाथि जुन उपकार अवतरित गरेको छ। त्यस उपकारको हक अदा गर्नु हरेकमाथि अनिवार्य छ, किन भने जुन व्यक्तिले कसैको उपकारको हक अदा गर्दैन, ऊ कृतघ्न हुन्छ। अल्लाहले गरेको उपकारलाई विर्सनु नै मानिसको सबैभन्दा ठूलो कृतघ्नता हो । अब प्रश्न के उठ्छ भने अल्लाहको उपकारको हक कसरी अदा गर्न सकिन्छ ? म इस्लामको नियम बमोजिम जवाफ के दिन्छु भने जब अल्लाहले तपाईलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुयायीमा जन्म दिएको छ, त उसको यस उपकारको सही शुक्रिया मुसलमान बनेर नै गर्न सक्नु हुन्छ । यसबाहेक अल्लाहको यस महान उपकारको हक तपाई अरु कुनै तरिकाबाट अदा गर्न सक्नु हुन्न । अल्लाहको जति ठूलो उपकार

तपाईमाथि छ, उति नै ठूलो दण्ड उसको उपकारको अवहेलना गर्नुमा पनि छ। अल्लाहले हामी सबैलाई यस दण्ड र संकटबाट बचाओस्। (आमीन)

फेरि प्रश्न के उठ्छ भने मान्छे पूर्ण मुसलमान कसरी बन्न सक्छ ? यसको लागि ठूलो व्याख्या चाहियो । जुन कि यो सानो पुस्तिकामा लेख्न सकिन्न । यसलेगर्दा म तपाईहरूलाई यी कुराहरू प्रस्तुत गर्दछु । जुन मुसलमान बन्नुका लागि सबैभन्दा महत्वपूर्ण र उत्तम छन्। जसलाई यस मार्गको सबैभन्दा पहिला पाइला समझनु पर्छ।

शान्ति पूर्वक विचार गर्नुस ! तपाई जुन "मुसलमान" शब्द भन्नु हुन्छ। त्यसको अर्थ के हो ? के मानिस आमाको पेटबाट "इस्लाम" लिएर आउँछ ? के कुनै व्यक्ति यस कुराले मात्र मुसलमान हुन्छ कि ऊ मुसलमानको छोरो र नाती हो ? के मुसलमान शब्द कुनै कुल, जाति पाति वा वंशको नाम हो ? के मुसलमान पनि यस्तै मुसलमान हुन्छ। जुन प्रकार एउटा बाहुनको छोरो बाहुन, क्षेत्रीको छोरो क्षेत्री, सार्कीको छोरो सार्की र दमाईको छोरो दमाई जन्मन्छ ? यस प्रकारबाट एउटा मुसलमान

यस कुराले मात्र मुसलमान हुन्छ कि ऊ मुसलमान कुल जाति पाति वा वंशमा जन्मेको हुन्छ, यी प्रश्नहरू तपाई समक्ष छन् । इस्लाम धर्म अनुसार यसको उत्तर के हो ? यस प्रश्नको उल्लेख यस प्रकारबाट गर्न सकिन्छ कि कुल, जाति,पाति तथा वंशको नाताले मान्छे मुसलमान हुँदैन । बरु इस्लाम स्वीकार गरी त्यसै अनुसार कर्म गरे पछि मात्र मुसलमान हुन्छ । यदि त्यो इस्लाम बमोजिम कर्म गर्न छाडिदियो भने मुसलमान रहदैन । कुनै व्यक्ति बाहुन, क्षेत्री, सार्की, दमाई, थारु मगर र नेवार आदि संसारको कुनै पनि जाति किन नहोस् । जब उसले इस्लाम स्वीकार गऱ्यो त ऊ मुसलमान भयो र अर्को व्यक्ति जुन मुसालमानको घरमा जन्मेको छ, यदि ऊ इस्लामको अनुकरण गर्न छडिदियो भने इस्लामको नियम बमोजिम इस्लामबाट खारेज भइहाल्छ जस्तो कि कुर्आनमा अल्लाहले भनेको छ :–

“या अइयोहन्नासो इन्ना खलक्नाकुम मिन जकरिवँ वउन्सा वजअल्नाकुम शोऊबौं व कबाइला

ले तआरफू इन्न अकर + म + कुम इन्दल्लाहे अतकाकुम" (सूरः हुजरात १३)

**अर्थः-**"हे मानव हो सुन् मैले तिमीहरूलाई एक लोग्ने र एक स्वास्नीबाट जन्म दिएको छु र मैले तिमीहरूलाई अनेकौं जाति वर्गमा बनाएको छु । जसले गर्दा एक अर्काको आदर गरेर एक अर्कोलाई चिनोस् । अल्लाहको निकट र उसको मायालु उही व्यक्ति हुन्छ, जुन सबैभन्दा ठूलो धर्मात्मा (मुत्तकी) होस् ।

अल्लाहको दृष्टिमा जात पात र साना, ठूला, धनी, गरीब, गोरो, कालो आदिको कुनै भेद भाव छैन । "

म यसलाई साधारण उदाहरणद्वारा समझाउँछु, जसबाट प्रष्ट हुन्छ कि इस्लाम कुनै जाति पातिको नाम होइन ।

**उदाहरण नं.(१)**

हजरत नूह अलैहिस्सलाम नाम गरेका एउटा महान ईशदूत रही उनी यस संसारमा लगभग ९५० वर्षसम्म जीवित थिए । उनी अल्लाहका परम् भक्त

र मयालु थिए। तर उहाँको स्वास्नी र छोरो उहाँको कुरा र अल्लाहको कुरालाई छाडेर दैत्यबादी भए। अनि पछि अल्लाहले उनको स्वास्नी र छोरोलाई महान बाढीद्वारा विनाश गरिदियो।

यसबाट पनि के प्रष्टे हुन्छ भने इस्लाम कुनै जाति वा वंशको नाम होइन। यदि जाति वा वंशको नाम इस्लाम र मुसलमान भएको भए त नूह अलैहिस्सलामको छोरा र स्वास्नी पनि मुसलमान हुन्थे र महान बाढीद्वारा विनाश हुन्नथे।

## उदाहरण नं. २

हजरत इब्राहीम अलैहिस्सलाम पनि एउटा प्रख्यात ईशदूत थिए। तर उहाँको बुवा र मुमा मूर्ति पूजक थिए। मूर्ति पूजक मात्र होइनन्। बरु मूर्तिहरूलाई आफै बनाएर बेची जीविका चलाएका थिए। यसलेगर्दा तिनीहरू काफिर वर्गका थिए। तर इब्राहीम अलैहिस्सलामले बालक काल मै आफ्नो अल्लाहलाई चिनेर उसको भक्त बनेर अल्लाहकै आज्ञा अनुसार कर्म गर्न थाले। जसलेगर्दा पछि

अल्लाहले उनलाई आफ्नो दूत बनायो र यस प्रकार उनी इस्लाम धर्मका नायक पनि भएका थिए ।

यसबाट पनि के सिद्ध हुन्छ भने मुसलमान कुनै जाति र वंशको नाम होइन । यदि जाति वा वंशको नाम इस्लाम र मुसलमान भएको भए त इब्राहीम अलैहिस्सलाम मुसलमान र इस्लामको नायक हुने थिएनन् ।

**उदाहरण नं.(३)**

वर्तमान कालमा हेरौं भने हामीलाई प्रष्ट रूपले थाहा हुन्छ कि मुसलमान र इस्लाम कुनै जाति पातिको नाम होइन, किन भने जुन व्यक्तिहरू हिजो मुसलमान भएका थिएनन् । तिनीहरूसंग हामीहरूले र हामीहरूसंग तिनीहरूले भेदभाव र छुवा-छूत राख्दथ्यौं । तर जब त्यही व्यक्तिहरू आज मुसलमान हुन्छन् अर्थात इस्लाम स्वीकार गर्छन् भने हामीले तिनीलाई र तिनीले हामीलाई आफ्नो दाई भाइ सरह संझन्छौं र भेद–भाव वा छुवा-छूतको भावना राख्दैनौ । यहाँ सम्म कि एउटै थालीमा बसेर

खान थाल्छौं जुन की अरु धर्ममा शायद छैन, र यो इस्लामको विशेष खूबी हो । इस्लाम धर्मले नैतिक, बौद्धिक, सामाजिक एवं धार्मिक स्तरले समान रूपले व्यवहार गर्न दर्शाउँछ ।

उपरोक्त उदाहरणबाट सिद्ध हुन्छ कि इस्लामको जग जाति, पाति वा वंशमाथि निर्भर छैन । अल्लाहको यो सबभन्दा महान धन अर्थात मुसलमान हुनुको पद र दर्जा जुन हामी तपाईलाई प्राप्त छ, त्यो कुनै बंशीय चीज होइन जस्तैः-आमा बुवाको सम्पत्ति हुन्छ कि आमा बुवा विते पछि स्वयं तपाईलाई उत्तराधिकारीको हैसियतले मिल्छ तथा आजीवनकाल सम्म तपाईको साथ रहन्छ र तापईलाई त्यो सम्पत्ति प्राप्त गर्न प्रयास गर्नु पर्दैन । तर इस्लाम धर्म प्राप्त गर्नका लागि तपाईको स्वयं सुप्रयास अनिवार्य छ । तपाईले यसलाई प्रयास गरेर प्राप्त गर्न चाहेमा मात्र पाउनु हुन्छ यदि लापरवाही गर्नु भयो भने तपाई यसबाट बंचित भइहाल्नु हुन्छ । अब माथि उल्लेखित कुरोमा ध्यान दिंदा प्रष्ट हुन्छ कि मान्छे इस्लाम स्वीकार गरे पछि मुसलमान हुन्छ । अब यहाँ एउटा प्रश्न के उठ्छ भने इस्लाम

स्वीकार गर्नुको अर्थ के हो ? के इस्लाम स्वीकार गर्नुको अर्थ यो हो कि जुन व्यक्ति मुखबाट भनोस् म मुसलमान हूँ, त्यो मुसलमान भइहाल्छ ? अथवा इस्लाम ल्याउनको अर्थ यो हो, कि जुन प्रकार एउटा बाहुन आफूले नबुझी समझीकन् संस्कृतको केही श्लोक पढछ त गुरु र पंडित कहलाउँछ। ठीक त्यस्तै प्रकारबाट एक व्यक्तिले अर्बीको केही शब्द नसमझी बुझीकन् मुखले भन्छ भने त्यो मुसलमान हुन्छ ? यस प्रश्नको प्रतिवाद इस्लामिक नियमले यस प्रकारबाट गर्न सकिन्छ कि त्यस्तो व्यक्ति मुसलमान हुँदैन ।

इस्लाम स्वीकार गर्नुको अर्थ यो हो कि हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले जुन उपदेश दिनु भएको छ, पहिला उसलाई बुझी समझी हृदयले स्वीकार गर्नु, दोस्रो त्यही बमोजिम कर्म गर्नु हो । जसले उपदेशको पालन र कर्म गर्छ, ऊ मुसलमान हो र जसले त्यस्तो गर्दैन ऊ मुसलमान होइन ।

यस कुराबाट के सिद्ध हुन्छ भने इस्लाम प्रथम इस्लामी शिक्षाको नाम हो र दोस्रो कर्म

गर्नुको नम इस्लाम र मुसलमान हो । शिक्षाको बारेमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको धेरै अमरवाणीहरू छन् । जसमध्ये केही यहाँ प्रस्तुत गर्दछु ।

क) "त+ल+बुल इल्मे फरीजतुन अला कुल्ले मुस्लिम"(सहीह अल जामेअ अल्लामा अलबानी हदीस नं.३८०९) मा छ ।

**अर्थ :-** हरेक मुसलमान (महिला र पुरुष) लाई इस्लामी शिक्षा आर्जन गर्नु अनिवार्य छ ।

ख) "अन इब्ने अब्बासिन काला तदारोसुल इल्मे साअतम् मिनल् लैले खैरुम मिन यिहयाएहा" ।

(यो हदीस मिश्कातको पहिलो भाग पेज नं.३६ मा छ)

**अर्थः-**हजरत इब्ने अब्बासबाट प्रमाणित के छ भने रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम्ले भन्नु भएको छ कि शिक्षा एक घंटा सिक्नु र सिकाउनु पूरा राती पूजा गर्नुभन्दा वेश छ ।

कुर्आनमा अल्लाहले भन्नु भएको छ "इकरा बिस्मे रब्बिकल्लजी खलक । खलकल इन्साना मिन अलक । इकरा व रब्बुकल अकरमुल्लजी अल्लमा बिल कलम । अल्लमल इन्साना मालम यअ्लम" । ( कुर्आनको तीसौं खण्डमा छ)

**अर्थ** :-"आफ्नो अल्लाहको नाम लिएर पढ । जसले जन्म दिएको छ, जसले मानवलाई रगतको डल्लो ( बीर्य) बाट बनाएर जन्म दिएको छ। तिमी पढ्दै गर । तिम्रो अल्लाह बडो कृपालु छ। जसले कलमद्वारा शिक्षा सिकायो । जसले मानवलाई न जानेको कुरा सिकायो ।"

उक्त हदीस र कुर्आनको अर्थ एउटा उर्दूको कबि ज्यूले आफ्नो कवितामा यस प्रकार गर्नु भएको छः–

पिघलना इल्म की खातिर मिसाले शमा जेबा है ।

बगैर इसके नहीं पहचान सकते हम खुदा क्या है ॥

यस बाहेक कुर्आन र हदीसको अनेकौं ठाउँमा विद्या प्रशंसाको बारेमा उपदेशहरू उल्लेखित छन् ।

एक व्यक्ति बिना शिक्षा बाहुन, क्षेत्री, मगर र सार्की आदि संसारको कुनै पनि जाति रहन सक्छ किन भने ऊ आफ्नो आमा बाबुको कुलमा जन्मेको हुन्छ । यसलेगर्दा आफ्नो आमा बाबुको कुलमा नै कायम रहन्छ । तर एक मुसलमान बिना शिक्षाको पूर्ण मुलमान रहन सक्दैन, किन भने मसुलमान शब्द कुनै कुल व बंशको नाम होइन । बरु ज्ञान र शिक्षा तथा कर्मलेगर्दा मन्छे मुसलमान हुन्छ । जस्तो कि माथि उल्लेख भइसकेको छ । जबसम्म कसैलाई यो ज्ञान हुँदैन, कि हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको उपदेश के हो ? तबसम्म उसमाथि कसरी विश्वास र ईमान ल्याउन सक्छ र कसरी इस्लामको तरिकाले कर्म गर्न सक्छ ? यसबाट के प्रष्ट हुन्छ भने अज्ञानी व्यक्तिलाई मुसलमान हुन असंभव छ ।

एक हिन्दू र एक मुसलमानमा वास्तविक भिन्नता नामले हुँदैन, जस्तो उसको नाम राम प्रसाद, हरिशंकर आदि हो । यसलेगर्दा ऊ हिन्दू हो र यसको नाम अब्दुल्लाह, अब्दुर्रहमान आदि हो यसलेगर्दा यो मुसलमान हो । ठीक यस्तै प्रकारबाट दुबैमा पोशाकबाट पनि फर्क पर्दैन, कि हिन्दूले धोती लगाउँछ । यसलेगर्दा ऊ हिन्दू हो र मुसलमान चाहिं कुर्ता सुरुवाल लगाउँछ, यसले गर्दा त्यो मुसलमान हो । यसरी भोजनले पनि कुनै फर्क पार्दैन कि मुसलमान मांसाहारी जाति हो र हिन्दू साकाहारी जाती हो । वास्तविक भिन्नता दुवैमा ज्ञान र कर्मले हुन्छ । यदि हिन्दू जस्तै मुसलमानको खान, लाउन र रहन सहन छ भने त बताउनुस्, त्यस मुसलमान र हिन्दूमा कुन कुराको आधारमा फरक गर्नु हुन्छ र कसरी भन्नु हुन्छ ऊ हिन्दू हो र यो मुसलमान हो ।

भाइहरू हो ! यी कुराहरूमाथि मनन गर्नुस् । तपाईहरूलाई असल तरिकाबाट थाहा भइहाल्छ । अल्लाहको यो सबैभन्दा ठूलो दया हो, जसको लागि तपाईहरू उसको कृतज्ञता प्रकट गर्नुहुन्छ । त्यसमा

सफलता र विफलता इस्लामी शिक्षामाथि आधारित छ । यदि शिक्षित हुनुहुन्न र प्रयास गर्नु हुन्न भने यो नअ्मत र पद प्राप्त हुन असंभव छ । यदि इस्लामको केही भाग कसैलाई प्राप्त पनि भएको छ भने त अज्ञानताको कारणले गर्दा हरेक बखत यो डर रहन्छ कि यस्तो महान दया र नेअ्मत उसको हातबाट जान सक्छ र उसलाई अज्ञानताको कारणले गर्दा थाहा हुन सक्दैन । त्यो त यही बुझ्छ म मुसलमान नै हूँ । तर वास्तवमा ऊ पूर्ण रूपले मुसलमान हुँदैन । जुन व्यक्ति यो बुझ्दैन कि इस्लाम र कुफ्र (इस्लामी कुरा अस्वीकार गर्नु) मा के फरक छ र तौहीद (एकेश्वरवाद) र शिर्क (बहुदेववाद) मा के फरक छ । तबसम्म त्यो पूर्ण मुसलमान हुँदैन । त्यसको उदाहरण यस प्रकार छ ।

कुनै व्यक्ति अँध्यारोमा कुनै अपरिचित ठाउँमा पुगोस् र उसलाई बाटो थाहा न होस् भने ऊ त्यो ठाउँमा अलमलाउँछ र विचार गर्छ, कुन बाटोबाट हिडने, यदि त्यही समयमा कुनै चोर व ठग आयो र उसलाई अपरिचित भएको हुनाले फकाई फुल्याई भन्न लाग्यो कि हे भाइ हो ! आऊ

म तिमीलाई तिम्रो स्थानमा पुऱ्याइदिन्छु, भने त्यो यात्रु विश्वास गरेर उसको पछि लाग्छ । हिडदा हिडदा बाटो थाहा नभएकोले त्यो चोर कुबाटो लगेर यात्रीलाई लुटछ । यो घटना उस व्यक्तिको लागि यस कारणले हुन्छ कि ऊ त्यो ठाउँको बारेमा अनभिज्ञ छ । यदि उसलाई वास्तविक बाटोको जानकारी भएको भए न त बाटो विर्सन्थ्यो, न कुनै चोर ठगले  उसलाई चोर्न ठग्न सक्दथ्यो ।

यस कुराबाट के पुष्टि हुन्छ भने मुसलमानको लागि सबैभन्दा ठूलो भय इस्लामी शिक्षाबाट बञ्चित हुनु हो । इस्लामी शिक्षाको अभावले गर्दा त्यो बुझ्दैन कुर्आन के सिकाउँछ र हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले के उपदेश दिएर जानु भएको छ ? यस अज्ञानताले गर्दा त्यो व्यक्ति आफै भ्रममा पर्न सक्छ र अरुले पनि उसलाई भ्रममा पार्न सक्छन् । यदि उसलाई इस्लामी शिक्षाको जानकारी छ भने ऊ अफ्नो जीवन इस्लामी तौर  तरिकाले ब्यतीत गर्न सक्छ । जीवनमा जे जस्तो विघ्न बाधा र भ्रमजाल आए पनि ऊ तिनीहरूलाई पन्छाउन सक्छ । कुनै

व्यक्तिले त्यसलाई भ्रममा पार्न खोजे पनि ऊ भ्रममा पर्दैन । जसलाई इस्लामको ज्ञान हुन्छ, त्यो त्यस्तो भ्रमबाट बच्न सक्छ ।

भाइहरू हो ! म जुन शिक्षाको महत्व र आवश्यकताको उल्लेख गरिरहेको छु , त्यही शिक्षा नै मुसलमान हुनु र रहनुका लागि इस्लामिक जग हो । यो कुनै सानो कुरा होइन । तपाई आफ्नो खेतीको उत्पादन बढाउने र संरक्षण गर्नु, घर, गाई भैंसी, कलकारखाना र व्यापार आदि, यस्ता संसारिक कामको उन्नति र विकासको कार्यमा लापरवाही गर्नु हुन्न किन भने यदि लापरवाही गर्नु हुन्छ भने हानि वा घाटा हुन्छ र भोको मर्नु पर्छ। साथै ज्यान जस्तो मायालु चीज नास भइहाल्छ । अब मलाई भन्नुस् इस्लामी शिक्षा आर्जन गर्नुमा किन लापरवाही गर्नु हुन्छ, जसमाथि तपाईलाई मुसलमान रहनु निर्भर छ । के इस्लामी शिक्षाबाट बंचित रहनाले यो भय छैन कि ईमानदारिता जस्तो अमूल्य वस्तु नष्ट भइहाल्छ ? के ईमान ज्यानभन्दा मूल्यवान छैन ? ईमान ज्यानभन्दा अवश्य नै मूल्यवान छ। तपाई ज्यानको रक्षा गर्नुमा जति परिश्रम र व्यवस्था गर्नु हुन्छ, के

त्यो समय र परिश्रमको एक अंश पनि ईमानदारिताको रक्षा गर्नुका लागि दिनसक्नु हुन्न ?

मेरो भनाईको तार्त्पय यो होइन कि तपाईहरूमध्ये हरेक व्यक्ति धर्म गुरु (मौलवी) बन्न र ठूलो ठूलो कितबहरू पढनमा आफ्नो उमेरको अधिकाँश समय बिताओस् । मुसलमान हुनु र ईमानको रक्षाका लागि यति धेरै शिक्षाको आवश्यकता छैन । यसका लागि मेरो तपाईहरू सित दुईटा कुराको मात्र अनुरोध छ। प्रथम आफ्नो बाल बालिकाहरूलाई इस्लामी शिक्षामा निपुण बनाउनुस् यस पछि सकेसम्म संसारको कुनै पनि विद्या आर्जन गर्नुस् गराउनुस् केही फरक पर्दैन । अर्को कुरा के छ भने तपाईहरू चौबिस घंटाको दिन रात मध्येबाट एक घंटा प्रति दिन बिहान अथवा बेलुकी कुर्आन र हदीसको उपदेशहरू कुनै शिक्षित धर्मगुरुसित आर्जन गर्नुस गराउनुस् । जसलेगर्दा यति ज्ञान त भइहालोस् कि कुर्आन जुन कार्य र उपदेश लिएर आएको छ, उसको विशेष अर्थ के हो ? साथै मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले जुन शिक्षा दिनु भएको छ, र जुन तरिकाले जीवन

ब्यतीत गरी बिताउन उपदेश दिनु भएको छ त्यही बमोजिम जीवन ब्यतीत गर्नुस । आफनो संसारिक स्वार्थको लागि जाडो, गर्मी, वर्षा दिन रात र खेती पाती लगायत अन्य उद्यम एकै नासले गर्न सक्नेहरूले, आफ्नो ईमान एवं परलौकिक सुख शान्तिका कुराहरूको लागि के एक घण्टा सयम ब्यतीत गर्न सक्दैनन् र ? मानिसमा लग्न भने हुनु पर्छ ।

यस प्रकारबाट थाहा हुन्छ कि इस्लाममा शिक्षाको निकै ठूलो स्थान छ र इस्लामी शिक्षाले नै इस्लामको परिचय गराउन सक्छ । जबसम्म इस्लामी शिक्षाको ज्ञान हुँदैन तबसम्म इस्लाम के हो भन्ने कुरा बुझ्न र इस्लामसित परिचित हुन सकिदैन् ।

अन्तमा अल्लाह सित के प्रार्थना छ भने
हामी सबै मुसलमानहरूलाई इस्लामको शिक्षा
आर्जन गर्न र त्यसै बमोजिम कर्म गर्नका लागि
सदज्ञान र शक्ति प्रदान गरुन र साथै संसारिक
भ्रमजाल र कुकर्मबाट बचाएर सुपथ मार्गमा
पुऱ्याउन (आमीन)

## नज्म

बहुत नाजाँ है मोमिन मजहबे इस्लाम पाने से ।

जरा कुछ खौफ खाते है कि वह मस्जिद के जाने से ॥

मुसलमाँ हो चुके हैं दीन के कामों से मुन्किर हैं ।

मुसलमानी समझते हैं बकरका गोश्त खाने से ॥

मुसलमानो जब तुमको रोजा, नमाजों से नफरत हैं ॥

तो फिर क्या जन्नती हो जाओगे महफिल सजाने से ॥

मुसलमाँ उसको कहते हैं जो कोई इल्म दीं सीखे ।

खुदा खुश होता है कुर्आन के पढने पढाने से ॥

# कलमए तैयबःको अर्थ

ए शहादत गहे उल्फत में कदम रखना है ।

लोग आसान समझते हैं मुसलमां होना ॥

प्रत्येक मुसलमानलाई यो कुरा थाहा छ कि इस्लामको मूलमन्त्र “कलमए तैयबः” हो । यसलाई इस्लामको मूल ढोका र बैकुण्ठ (जन्नत) को साँचो पनि भनिन्छ ।

जुन सुकै व्यक्तिले पनि इस्लामको सीमामा यही मूलमन्त्र पढेर प्रवेश हुन्छ । यो मूल मन्त्र पनि केही धेरै ठूलो छैन । मूलमन्त्र यो हो :-

**“ला इलाहा इल्लल्लाहो मुहम्मदुर्रसूलुल्लाह” ।**

हेर्न र पढन्मा त यो साह्रै नै सानो छ, तर यसको भार तीनलोकभन्दा बढता छ । जस्तो कि हदीस शरीफमा रसूलुल्लाह सल्लल्लाहो अलैहे

वसल्लमले वर्णन गर्नु भएको छ कि सातवटै पृथ्वी र सातवटै आकाशलाई तराजुको एकातिर राखी अर्को तिर मूलमन्त्र राखेर तौलिंदा खेरी सम्पूर्ण पृथ्वी र आकाशको पल्ला चाँहि हलुको भइहाल्दछ। अर्थात उक्त पृथ्वीहरू र आकाशहरू भन्दा मूलमन्त्र गह्रुङो छ। प्रलयको दिन जब सबै कर्महरूको नाप तौल हुनेछ, त मूलमन्त्रको भार धेरै हुन्छ।

यही मूलमन्त्र मुसलमान हुनुको पहिलो आधारशिला हो। मूलमन्त्र पढने बाबु र मूलमन्त्र न पढने छोरा समेतमा यसले भिन्नता दर्शाउँछ। यस्तरी यसबाट पढ्ने र न पढने भनि दुई वर्ग बिभाजित हुन्छन्। न पढने परिवारका सदस्यलाई पढने आमा, बाबु, दिदी, बहिनी र नातावालाहरूले समेत घृणा गर्न थाल्छन्। यहाँसम्म कि इस्लामिक नियम अनुसार आफ्नो रगत बीर्यबाट जन्मेको मूलमन्त्र नपढने छोरा बुवाको उत्तराधिकारी हुन पाउँदैन, किन भने ऊ मूलमन्त्रलाई मान्दैन।

अब यस कुरामा के विचार गरौं भने यति ठूलो फरक जुन मान्छे र मान्छेमा मूलमन्त्रद्वारा भइहाल्छ। आखिर किन हुन्छ ? मूलमन्त्रमा के छ ? दुई चार शब्द मात्र छन्। के यी दुई चार शब्द भन्नाले आकाश पातालको जत्रो फरक हुन सक्छ ? यस कुरामा मनन् गर्दाखेरी थाहा हुन्छ कि यसमा अवश्य केही कारणहरू छन्। मुखले मात्र भन्नाले यति ठूलो फरक हुन सक्दैन। यसको मूल कारण "अर्थ" हो, शब्दहरूको शक्ति अर्थमा नै नीहित छ यदि अर्थ बुझिदैन र त्यो अर्थ हृदयमा बसदैन र उसको शक्तिले मन, बचन, कर्म आदिमा त्यस अर्थको प्रभाव पर्दैन भने मुखले निरर्थक शब्दको उच्चारणले केही फरक पार्दैन। म तपाईलाई साधारण उदाहरणद्वारा यसलाई समझाउँछु।

**उदाहरण नं.(१)**

यदि तपाईलाई जाडो लागेको छ भने तपाई मुखले रुई र भुई लाखौं चोटि भन्दै रहनुस् जाडो जाने छैन । सिरक ओढे पछि मात्र जाडो जान्छ ।

**उदाहरण नं.(२)**

यदि तपाईलाई तिर्खा लागेको छ भने तपाई पानी, पानी नै भने पनि तिर्खा मेटिदैन् । जबसम्म पानी खानु हुन्न, अर्थात पानी खाए पछि मात्र तिर्खा मेटिन्छ ।

**उदाहरण नं.(३)**

यदि तपाईलाई कुनै रोग लागेको छ र तपाई असल औषधिहरू र ठूला डाक्टरहरूको नाम को जप गरे पनि तपाईको बिरामीमा केही लाभ हुने छैन । जबसम्म डाक्टरसित जचाएर औषधि खानु हुन्न । औषधि खाए मात्र निको हुनुहुन्छ ।

ठीक यही क्रिया इस्लाममा “मूलमन्त्रको” पनि छ। दुई चार शब्द भनिदिनाले मान्छे, मान्छेमा कुनै परिवर्तन हुँदैन। यो फरक र परिवर्तन कसरी हुन्छ भने पहिले ती शब्दको अर्थ बुझ्नुस् र त्यो अर्थ आत्माले स्वीकार गर्नुस्। अनि अर्थ बुझेर स्वीकार गरेर जब तपाई यी शब्दलाई आफनो मुखबाट उच्चारित गर्दा खेरि तपाईलाई यस्तो अनुभव होस् कि म प्रत्यक्ष रूपमा अल्लाहको समक्ष र सम्पूर्ण संसारको समक्ष कति ठूलो कुराको सपथ लिन्छु। त्यो सपथ लिए पछि तपाईमाथि कति ठूलो जिम्मेवारी आई लाग्यो। जब तपाई यी जम्मै कुराहरू बुझेर प्रतिज्ञा गर्नु हुन्छ भने त्यस पछि तपाईको मन, बचन, कर्म र विचार एवं सम्पूर्ण जीवनमा यसै मूलमन्त्रको अधिकार हुनु पर्छ। अब तपाई आफ्नो बुद्धि, विचार मन, बचन र कर्ममा कुनै यस्तो कुरालाई स्थान दिनु हुँदैन्, जसमा मूलमन्त्रको विरोध होस्। मूलमन्त्रको कुरा मात्र सत्य छ भनि विश्वास लिनु पर्छ। तपाईको जीवन

भरि यो मूलमन्त्र तपाईको अधिकारी हुनु पर्छ। यो मूलमन्त्र स्वीकार गरे पछि तपाई अरु जातिहरू जस्तै मन माना गर्न, खान, लाउन, हिडन र बोल्न पाउनु हुन्न। बरु तपाई अब यस मूलमन्त्रको अधीन हुनु भयो। यो मूल मन्त्रले जे गर्न, भन्न, खान र लाउन आदि भन्छ, त्यही गर्न, खान र लाउन पर्छ। जुन थोक मनाही गर्छ, उसबाट बच्नु पर्छ, यस प्रकारबाट दृढ विश्वास र कर्म गर्नुको साथै मूलमन्त्र पढे पछि मात्र मान्छे मुसलमान हुन्छ। यस प्रकारबाट मानिस र मानिसमा ठूलो फरक हुन्छ। जुन माथि उल्लेख गरिसकेको छु।

म अब मूलमन्त्रको अर्थ के हो ? र यसलाई स्वीकार गरे पछि कुन तथ्यको आधीनमा हुनु पर्छ। त्यसको वर्णन गर्छु। मूलमन्त्र यो हो :-

***"ला इलाहा इल्लल्लाहो मुहम्मदुर्रसूलुल्लाह"***

यसमा दुई खण्ड छ। पहिला "ला इलाहा इल्लल्लाहो" दोस्रो "मुहम्मदुर्रसूलुल्लाह" पहिलो

खण्डको अर्थ हो "अल्लाह बाहेक अरु कोही सत्य पूजनीय छैन" ।

यसमा जुन "इलाह" को शब्द आएको छ। त्यसको अर्थ "खुदा व अल्लाह" हो र खुदा व अल्लाह त्यो शक्तिलाई भन्दछन् । जुन तीन वटै लोकको खालिक, (जन्मदाता) मालिक, हाकिम, अन्नदाता एवं जिन्दगी र मृत्यु दिन सक्ने एक मात्र सर्वशक्तिमान होस् । साथै प्रार्थना, आराधना, सुन्न, स्वीकार गरिदिन सक्ने पनि योग्य होस् । अल्लाहको परिभाषा पवित्र कुर्आनको तीसौं खण्डको सूरः इख्लासमा स्पष्टरूपमा उल्लेख छ ।

अब जब तपाईले "ला इलाहा इल्लल्लाहो" भन्नु हुन्छ, त तपाईले पहिला के स्वीकार गर्नुहुन्छ भने यो संसार न त बिना खुदाको बनेको छ र न त यस संसारको अनेकौं खुदा (ईश्वर) छन् । वास्तवमा यस संसारको खुदा छ र त्यो खुदा एक मात्र छ । उसको कोही साझी र सहारा छैनन् । उस बाहेक अरु कोही

खुदा छैन । अर्को कुरा के हो भने खुदा (अल्लाह) नै तीन लोकको मालिक हो । तपाई र संसारको हरेक वस्तु उसैको हो । जीवन मरण, भोजन, दुःख, सुख, हानि लाभ जे हुन्छ त्यो उसैको तर्फबाट हुन्छ । यसो हुनाले उसैसित डराउनु पर्छ । केही माँग्नु छ भने उसैसित माँग्नुस् र उसैको सामुन्ने नतमस्तक हुनु पर्छ । अर्थात पूजा बन्दगी, उपासना आदि उसैको गर्नु पर्छ । खुदा बाहेक अन्य कोही पूजनीय छैन् ।

यो बचन बद्धता तथा प्रतिज्ञा हो, जुन "ला इलाहा इल्लल्लाहो " पढेर आफ्नो अल्लाहको समक्ष गर्नु हुन्छ । अब यसको विपरीत कुनै कार्य गर्नु हुन्छ भने तपाईको जिभ्रो जसबाट प्रतिज्ञा गर्नु भए छ र हात, खुट्टा तथा शरीरका एक एक रौं र संसारमा भएका हरेक वस्तु जसको सामुन्ने तपाई झूठा सपथ खानु भएको थियो । तिनीहरू तपाईको विरोधमा अल्लाहको अदालतमा सत्यगवाही दिनेछन्

कि तपाई झूठा हौ । तपाई त्यहाँ आफूलाई एकदम निराश र असहाय पाउनु हुनेछ। तपाई मात्र होइन बरु यहाँसम्म कि वकील र बक्ताहरू जुन कि संसारको अदालतमा कानूनहरूको हेरफेर गर्छन् । त्यहाँ तिनीहरूका समेत केही लाग्दैन । खुदाको अदालत यस्तो छैन कि तपाई झूठा गवाही र झूठा प्रमाण दिएर बाँच्न सक्नुहुन्छ। संसारका गवाहहरू झूठो बोल्न सक्छन्, तर खुदाको गवाह एकदम सत्य छन् र सत्य नै बोल्दछन्। यस संसारका पुलिस र कर्मचारीहरू घुस खान सक्छन् । यसलेगर्दा घुस दिएर उनीहरूबाट बच्न सकिन्छ । तर खुदाको पुलिस र कर्मचारीहरू घुस खाँदैनन्। यस संसारमा हाकिम अन्याय गर्न सक्छन् तर खुदा यस्तो हाकिम हो कि ऊ कहिल्यै अन्याय गर्दैन। ऊ न्याय नै गर्छ । अनि खुदाले फैसला गरी आफ्नो जेलखानामा पठाउँछ भने त्यसबाट भागेर कोही कहाँ जानसक्छ ?

यसलेगर्दा मूलमन्त्र स्वीकार गर्दाखेरि उक्त कुराहरू ध्यानमा राखी स्वीकार गर्नु पर्छ । यदि मुलमन्त्रको आज्ञापालन गर्नसक्नुहुन्न, भने स्वीकारै न गर्नुस् किन भने इस्लाम धर्ममा कसैलाई जबरजस्ती मुसलमान बनाउन आदेश पनि छैन । जस्तो कि कुर्आनको तेश्रो पारा सूरः बकराः मा उल्लेख छ ।

उक्त कुराहरू मूलमन्त्रको पहिलो खण्डको अर्थ हो । दोस्रो खण्ड “मुहम्मदुर्रसूलुल्लाह” को अर्थ हो “मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सेवक र रसूल (संदेष्टा) हुन”

अब तपाईले मूलमन्त्रको दोस्रो खण्डमा के स्वीकार गर्नु भयो भने मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम नै अल्लाहका संदेष्टा हुन् । उहाँको माध्यमबाट अल्लाहले आफ्नो कानून र आदेशलाई हामी तपाई र संसारको समक्षमा पुऱ्याएको छ । अल्लाहलाई सम्पूर्ण पृथ्वी र आकाशको मालिक र

अन्नदाता आदि माने पछि जस्तो कि माथि उल्लेख छ , यो सिद्ध हुन्छ कि त्यसको असंशोधनीय कानून , नियम र आदेश के हो ? जसको पालन गर्नाले त्यो खुशी हुन्छ र त्यसको नियम कानूनको उलंघन गर्नले त्यो क्रोधित हुन्छ ।

यी सबै कुराहरू नै बताउनका लागि अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई आफ्नो संदेशवाहक बनाएर आफ्नो कानूनको किताब (कुर्आन) लाई हामी सम्म पठायो र उहाँले अल्लाहको आदेश अनुसार आफ्नो जीवन ब्यतीत गरी हामीलाई त्यस्तो कुराको तालिम दिनु भयो । यसले मुसलमानहरूले पनि उनैको तरिकाको अनुसरण गरि जीवन ब्यतीत गर्नु पर्छ ।

यसबाट थाहा हुन्छ कि जब तपाईले “ मुहम्मदुर्रसूलुल्लाह” भन्नु भयो त तपाईले के स्वीकार गर्नु भयो भने जुन कानून, नियम र आदेश उहाँले लागु गर्नु भएको छ, तपाई उसको पालन

गर्नु हुन्छ । यदि तपाई उहाँको कानून, नियमलाई त्यागी संसारिक कार्यमा आफ्नो मनमाना बाटोमा हिड्नु हुन्छ भने तपाई जस्तो झूठा र बेईमान कोही पनि हुने छैन ।

यदि तपाई "ला इलाहा इल्लल्लाहो मुहम्मदुर्रसूलुल्लाह" को अर्थ बुझी समझी उसलाई स्वीकार गर्नु हुन्छ भने तपाईलाई प्रत्येक समयमा अल्लाहको कानूनको पालन गर्नु पर्छ। उसको आज्ञा पालन गराउन कुनै पुलिस र हाकिम यस संसारमा दृष्टि गोचर न भए त पनि मूलमन्त्र स्वीकार गर्ने व्यक्तिलाई यो समझनु पर्छ कि खुदाको पुलिस, हाकिम, अदालत र सम्पूर्ण कुरा उसको समक्ष नै छ । मूलमन्त्र स्वीकार न गर्नेहरूको लागि न त खुदाको डर हुन्छ न त उसको नियम कानुनको, तर यदि एक मुसलमान यस्तो सोचेर कि खुदाको पुलिस र हाकिम संसारमा देखा पर्दैनन् । यसले उसको कानूनको पालन नगर्नु सजिलो छ र संसारको

पुलिस र हाकिम जहाँ पनि छन् । अत: उनको कानून भंग गर्न गाह्रो हुन्छ भने त यस्तो गलत विचारधारा राख्ने व्यक्तिको बारेमा सफा कुरा भन्छु कि ऊ मूलमन्त्रलाई स्वीकार नगरी आफनो आत्मालाई धोका दिन्छ र पारलौकिक लाभबाट आफूलाई बंचित गर्छ । जब कि अन्तमा त्यसलाई पछताउनु बाहेक केही हात लाग्दैन । अब यसै संदर्भमा अर्को कुराको तर्फ तपाईको ध्यान आकर्षित गराउन चाहन्छु ।

तपाई मूलमन्त्र पढेर यो स्वीकार गर्नु हुन्छ कि संसारमा भएका हरेक वस्तुहरूको मालिक अल्लाह नै हो । अब प्रश्न छ कि मालिकको अर्थ के हो ? मालिकको अर्थ यो हो कि तपाईको ज्यान, हात, खुट्टा, आँखा र शरीरको कुनै पनि अंग तपाईको आफ्नो होइन, जग्गा जमीन, खेती पाती, जनावर जसबाट तपाई लाभ उठाउनु हुन्छ । त्यसमध्ये कुनै पनि बस्तु तपाईको होइन सबैको मालिक अल्लाह

हो । तपाई आफनो ज्यानको मालिक समेत हुनुहुन्न । यो यस प्रकारबाट स्पष्ट हुन्छ कि यदि तपाई आफू नै मालिक भएको भए शरीरको कुनै पनि अंग तथा कुनै वस्तुहरूलाई विसन्चो हुन दिनु हुन्नथ्यो, किन भने कुनै पनि मालिकले आफ्नो कुनै पनि चीजलाई नराम्रो देख्न चहन्न् । तर आफू पनि कहिले काहीं विरामी भइन्छ र आफ्नो माल सामान, जहान परिवार र जनावर आदिलाई दुःख हुन्छ र कोही मर्छन पनि, त्यसमा हामीले केही गर्न सक्दैनौं ।

यसबाट के थाहा हुन्छ भने वास्तवमा संपूर्ण संसारमा भएको हरेक वस्तुको मालिक अल्लाह नै हो । अल्लाहले तपाईलाई उक्त कुराहरू अनुदान र धितो स्वरूप प्रदान गरेको छ । मालिक भन्ने शब्दलाई स्वीकार गरे पछि तपाईलाई यो भन्न हक छैन कि ज्यान, शरीर , जहान, परिवार व अमुक वस्तु मेरो हो र म यसको मालिक हूँ । वास्तवमा

यदि तपाई आत्मामा विश्वास  गरेर सबैको मालिक अल्लाहलाई मान्नु हुन्छ भने दुई कुराको बारेमा ध्यान दिनु अनिवार्य छ ।

**प्रथमः–** त जब मालिक अल्लाह हो र उसले हामीलाई आफ्नो चीज र अधिकार धरौटीको रूपमा सुम्पेको छ, अनि त मालिकले जुन किसिमले भन्छ, त्यही बमोजिम हामीले ती चीज र अधिकारहरूको उपभोग गर्नु पर्छ । यदि मालिकको आदेशको विपरीत कार्य गर्नु हुन्छ भने यो धोकाबाजी हो । तपाई आफ्नो हात, खुट्टा अल्लाहको इच्छा विपरीत हल्लाउन सक्नु हुन्न । ठीक यस्तै प्रकारबाट आँखा र कानबाट कुनै कुरा देख्न र सुन्न सक्नुहुन्न, न कुनै चीच खान सक्नु हुन्छ, साथै खेती व्यापार, जहान, परिवार, छोरा छोरीबाट समेत पनि अल्लाहको इच्छा विपरीत लाभ उठाउन सक्नु हुन्न । उक्त कुराहरू अल्लाहकै इच्छानुसार भोग गर्नु पर्छ । यदि उसको इच्छा अनुसार भोग गर्नु हुन्न भने बेईमान सरह

हुनुहुन्छ जस्तै -अर्काको धनमाल कब्जा गर्नेलाई भन्नु हुन्छ कि फलानो बडो बेईमान छ । यस प्रकारबाट तपाईले पनि अल्लाहले दिएको वस्तुहरूलाई आफ्नो सम्झेर आफ्नो इच्छा बमोजिम प्रयोग गर्नु हुन्छ भने बेईमानीको दोष तपाईमाथि पनि आउँछ । यदि अल्लाहको इच्छानुसार प्रयोग गर्नले केही हानि हुन्छ भने होस्, ज्यान गए जाओस्, हात खुट्टा र सन्तान आदिको हानि हुन्छ भने होस् धन माल नष्ट हुन्छ भने होस्, तपाईलाई पीर मान्नु पर्दैन । किन भने जब उसको चीज हो र उसैले हानि हुन मन पराउँछ त उसको हक छ जस्तो चाहन्छ त्यस्तै गर्छ । यदि मालिकको आदेशानुसार तपाई कार्य गर्नु भएन र त्यसमा कुनै किसिमको हानि हुन्छ भने निःसन्देह तपाई अपराधी हुनु हुन्छ, किन भने अर्काको चीजलाई विगार्नु र नष्ट गर्नु भयो । यहाँ सम्म कि यदि तपाईले मालिको इच्छा विपरीत आत्महत्या गर्नु भयो भने त्यो पनि अपराध नै हुन्छ ।

**द्वितीयः** मालिकले जुन चीज दिएको छ, त्यो मालिककै निम्ति खर्च गर्नु हुन्छ भने कसैमाथि उपकार गर्नु भएन । यस संदर्भमा यदि तपाईले अल्लाहको बाटोमा केही दिनु हुन्छ अथवा कसैको सेवा गर्नु हुन्छ, यहाँसम्म कि आफ्नो ज्यान पनि उसको आदेशानुसार अर्पण गर्नु हुन्छ भने अल्लाहको दृष्टिमा कुनै महान कार्य गर्नु भएन । जुन तपाईको लागि महानकार्य थियो । तपाईले त्यती मात्र गर्नु भयो, जुन मालिकको हक तपाईमाथि थियो । त्यो ईमानदारीका साथ पूरा गरिदिनु भयो । यो कुनै यस्तो कुरा होइन् जसमाथि कोही घमण्ड गरोस् र ऊ समझोस् म ठूलो कार्य गरेको छु ।

स्मरण रहोस् ! सच्चा मुसलमान खुदाको बाटोमा केही दान व कुनै प्रकारको उपकार र सुकर्म गरेपछि घमण्ड गर्दैन् । बरु नम्रता र उदारता प्रकट गर्छ । घमण्डले शुभकार्यलाई नष्टगरि दिन्छ । जसले नाम चल्न र प्रसंशाका लागि कुनै धर्म कार्य

गर्छ भने त्यो परलोकमा (खुदा कहाँ) कुनै पनि पुण्य पाउँदैन् । अर्थात उसले संसारमा आफ्नो कार्यको फल माँग्यो र कर्मद्वारा प्रसंशाको रूपमा उसलाई संसारमा प्राप्त भाये ।

साथी भाईहरू हो ! आफ्नो मालिकको दया हेर ! उसले आफ्नो चीज तपाईबाट फिर्ता लिन्छ र भन्दछ । मैले यो वस्तु तिमीबाट किनेको छु र म यसको सट्टामा तिमीलाई स्वर्ग (जन्नत) दिन्छु ।“अल्लाहो अकबर” **अर्थ** :- अल्लाह सबै भन्दा महान छ ।

के महान अल्लाहको दयाको पनि केही सीमा छ ? उसको दयाको सीमा छैन । उसको दया असीमित छ । पवित्र कुर्आनको (सूर:तौब:१११) मा अल्लाहले आफ्नो व्योहार र दयाको वर्णन यस प्रकार गरेको छ ।

"इन्नल्लाहश्तरा मिनल मोमिनीना अनफोसहुम व अमवालहुम बिअन्ना लहुमुल जन्नः" ।

**अर्थ**- अल्लाहले ईमानदारहरूसित उनीहरूको ज्यान र मालसमानहरू किनेको छ । यसको सट्टामा उनीहरूलाई स्वर्ग दिन्छ ।

मालिकको यो दया र व्योहार तपाईसंग छ। अब आफ्नो कर्तव्य र कर्ममाथि पनि शान्ति पूर्वक विचार गर्नुस् । जुन चीज अल्लाहले तपाईलाई धरौटीको रूपमा दिएको थियो। त्यो फेरि तपाईसित स्वर्ग जस्तो ठाउँदिएर किनेको छ । तर तपाई उसलाई अर्काको हातमा विक्री गर्नुहुन्छ र उसको सट्टा अधर्म मोल लिनु हुन्छ। तिनीहरू तपाईबाट अल्लाहको इच्छा विपरीत कार्य लिन्छन् र तपाईले यो ठानेर काम गर्नु हुन्छ कि अन्नदाता तिनै हुन् । तपाईले आफ्नो बुद्धि विचार तथा आफ्नो शरीरको श्रम सम्म बेच्नु हुन्छ र अल्लाहका शत्रु किनेर

अल्लाहको विरोधमा कार्य गराउँछन् । जस्तै- बुद्धि विचारलाई अल्लाहले सुकर्मका लागि प्रदान गरेको छ । तर तपाईले त्यसलाई कुकर्ममा प्रयोग गर्नु हुन्छ । यस्तरी हातले नराम्रो कुरा लेख्नु र गर्नु, आँखाले नराम्रो कुरादेख्नु, खुट्टाले नराम्रो ठाउँमा जानु र मुखले झूठो कुरा बोल्नु, जुन पवित्र कुर्आन र हदीसको विरोधमा छ गर्नु हुन्छ । इस्लाम धर्मानुसार यो धोकाबाजी र महा पाप हो संसारमा यस्तो धोका गर्ने व्यक्तिमाथि जालसाजी र बेईमानीको मुद्दा दायर हुन्छ । के अल्लाहको अदालतमा यस्तो झूठा प्रतिज्ञा गर्ने र विकेको वस्तुलाई अर्काको हातमा बेच्नेमाथि मुद्दा दायर हुँदैन ?

याद राख्नुस् ! अल्लाहको दरबारमा देर छ अन्धेर छैन् निःसन्देह यस्तो व्यक्तिमाथि मुद्दा दायर हुन्छ र त्यहाँ उसको शरीरका अंगहरूले गरेका कुकर्महरूको गवाही स्वयं ती अंगहरूले अल्लाहको

सामुन्नेमा दिन्छन् । अनि पछि उसलाई अल्लाहको दण्ड सजाए भोग्नका लागि नर्कमा पठाइन्छ ।

तसर्थ इस्लामको मूलमन्त्र पढदा र कबूल गर्दाखेरि माथि उल्लेखित कुराहरूमा विशेष ध्यान दिएर प्रतिज्ञा गर्नु पर्छ र उसै बमोजिम जीवन व्यतीत गर्नु पर्छ । जसलेगर्दा दुबै लोकमा सफलता प्राप्त होस् । यो मूलमन्त्रको संक्षिप्त व्याख्या र अर्थ हो र इस्लामको परिचय पनि हो । विस्तृत जानकारीको लागि कुर्आन र हदीसको अध्ययन जरुरी छ ।

अन्तमा अल्लाह सित हार्दिक प्रार्थना के छ भने हामीलाई  हरेक भ्रम र संकटबाट बचाएर सदज्ञान र शक्ति तथा भक्ति प्रदान गरुन् । जसबाट हामीहरूले इस्लामको नियम बमोजिम जीवन व्यतीत गर्न सकौं र परलोकमा जन्नतुल फिरदौस प्राप्तहोस् साथै पाठक वर्गहरूलाई यस किताबबाट असीमित लाभ प्राप्त होस् । (आमीन)

***(समाप्त)***

## संकल्प

म आफ्नो यस सानो लिखित कार्यको पुण्यलाई
आफ्नो आमा बुवालाई संकल्प गर्दछु ।जसको
अपार माया र स्नेह तथा हार्दिक आशिर्वाद
र शुभकामनाहरूले मलाई बुद्धि विवेक
प्रदान गर्‍यो र म समाज सेवी बन्न
मौका पाएँ ।
हे अल्लाह ! मेरो यस संकल्पलाई स्वीकार गरी मेरो आमा
बुवालाई मुक्ति प्रदान गर (आमीन)


सेवकः-

मुहम्मद इदरीस सलफी
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ९७२७६४९२३८, ९८१४४९९१४०

***Mo. 9727649238,***
***9814499140***

***E-mail:mohammadidrees787@yahoo.com***

# विषय सूची


| क.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | मन्तब्य | **2** |
| 2 | मन्तब्य | **4** |
| 3 | प्रस्तावना | **07** |
| 4 | इस्लाममा शिक्षाको स्थान | **11** |
| 5 | कलमए तैयब:को अर्थ | **32** |